# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

*इ.प्रा.परिपत्र संख्याः-* ४२४ *मिति :-* २०६३/१२/११

**इजाजतपत्रप्राप्त "क" वर्गका (बैंक) संस्थाहरू ।**

विषय :- **एसियन क्लियरिङ्ग यूनियन कारोवार सम्बन्धी व्यवस्था ।**

महाशय,

एसियन क्लियरिङ्ग युनियन (ACU) अन्तर्गत गरिने कारोवारहरूको सम्बन्धमा निम्नानुसारको व्यवस्था गरिएकोले सोही वमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. एसियन क्लियरिङ्ग युनियन अन्तर्गतका कारोवाहरूमा प्रयोग हुने मनिटरी युनिटको विनिमय दर अमेरिकी डलरसँग वरावर हुने व्यवस्था गरी यसलाई "ACU DOLLAR" भनी नामाकरण गरिएको छ ।

२. ACU कारोवारका लागि युनियनका सदस्य देशहरूका वाणिज्य बैंकहरूले ACU DOLLAR ACCOUNT खोल्नुपर्नेछ ।

३. एसियन क्लियरिङ्ग युनियन अन्तर्गत हुने आयात निर्यात कारोवारको भुक्तानी अमेरिकी डलरमा मात्र गर्नुपर्नेछ । यस अनुसार सो कारोवारको लागि यस बैंक र सम्वन्धित बैंकहरू बीच गरिने कारोवार पनि अमेरिकी डलरमा मात्र हुनेछ ।

४. ACU सदस्य देशहरू बीच हुने आयात निर्यातको लागि खोलिने प्रतीतपत्र ACU DOLLAR मै खोल्नुपर्नेछ ।

५. नेपाल र भारत बीच हुने व्यापारिक कारोवारहरू वाहेक नेपाल र ACU का अन्य सदस्य राष्ट्रहरू बीच हुने व्यापारिक कारोवारहरूको भुक्तानी अनिवार्य रुपले एसियन क्लियरिङ्ग युनियनको भुक्तानी पद्धतिमार्फत नै गर्नुपर्नेछ ।

भवदीय,

(रामजी रेग्मी)
का.मु.कार्यकारी निर्देशक